# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

## BHARATPUR METROPOLITAN CITY
## Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

भरतपुर महानगरपालिका
आर्थिक विकास महाशाखा
कृषि शाखा
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

### गहुँ बालीको बिउ उत्पादन कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हानको सूचना

सूचना नं. ०२-२०८३/०८४ (कृषि विकास)

**प्रथम पटक प्रकाशित मितिः २०८३/०५/२४**

भरतपुर महानगरपालिका कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखाको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत जलवायु उत्थानशील खाद्यबालीको प्रदर्शन तथा प्रवर्द्धन कार्यक्रम अन्तर्गत गहुँ बालीको बिउ उत्पादन कार्यक्रम संचालन गर्नु पर्ने भएकोले भरतपुर महानगरपालिका भित्रका र तोकिएको मापदण्ड पुरा गरेका ईच्छुक बिउ उत्पादक **(कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कम्पनी)** हरुलाई देहाय बमोजिमका कागजातहरु संलग्न गरी सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (मिति २०८३/०६/१३ सम्म) तपसिलका शर्तहरु पुरा गरी तोकिएको ढाँचामा माग निवेदन साथ प्रस्ताव पेस गर्नहुन यो सूचना प्रकाशन गरीएको छ। साथै तोकिएको मापदण्ड पुरा नभएका र म्याद भित्र पेस नभएका प्रस्तावहरुलाई मूल्यांकन प्रकृयामा समावेश गरिने छैन।

<u>तपसिलः</u>

| क्र.सं. | कार्यक्रमको नाम | परिमाण | आवेदक | कार्यक्रम संचालन प्रकृया | कैफियत |
|---|---|---|---|---|---|
| १. | जलवायु उत्थानशील खाद्यबालीको प्रदर्शन तथा प्रवर्द्धन (गहुँ बालीको बिउ उत्पादन) | २२.५ मे.ट. (१५० हे.) | कृषक,कृषक समुह,कृषि सहकारी, कृषि फर्म/कम्पनि | तोकिएको मापदण्ड अनुसार | |

<u>तपसिल (आवश्यक कागजात तथा सर्तहरु)</u>

१. समुह/सहकारी/ कृषि कम्पनीको निर्णय र प्रस्तावना सहितको माग निवेदन।

२. सम्बन्धित संस्थाको नविकरण गरिएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रतिलिपि र गत आ.व. को कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी ।

३. कृषक समुह/कृषि सहकारी/कृषि कम्पनीको हकमा प्रस्ताव पेस गर्ने तथा अख्तियार प्रदान गरिएको निर्णयको प्रतिलिपी।

४. प्रस्ताव पेश गर्ने संस्थाको अख्तियार प्राप्त/जिम्मेवार व्यक्तिको नागरिकताको प्रतिलिपि तथा अख्तियारी पत्र ।

५. सम्बन्धित वडा कार्यालय/कृषि सेवा केन्द्रको कार्यक्रममा सहभागिताको लागि सिफारिस पत्र।

६. कार्यक्रम संचालन गर्ने जमिनको लालपुर्जाको प्रतिलिपि/लिजमा लिएको जमिन भए कम्तिमा ५ बर्ष भाडामा लिएको हुनुपर्ने।

७. बिउ उत्पादन गर्ने क्षेत्रफल एकै क्लस्टर/ब्लकमा भएका लाई प्राथमिकता दिइने छ।

८. बिउ उत्पादनको लागि तोकिएको सम्पूर्ण मापदण्डहरु पुरा गरेको हुनु पर्ने छ।

**नोटः- कार्यक्रम सम्वन्धी थप जानकारीको लागि भरतपुर महानगरपालिकाको कृषि तथा पशुपंक्षी व्यवसाय प्रवर्द्धन शाखा को फोन नं.-०५६-४९३४३७ मा सम्पर्क गर्न सकिने छ।**

०८३।८।२४

..........................

तेजेन्द्र प्रसाद पौडेल

आर्थिक विकास महाशाखा प्रमुख

**महाशाखा प्रमुख**